**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १९६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन १५ गते शुक्रबार ❑ 31 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## सरकार पूर्ण रूपमा गम्भीर र संवेदनशील छ : प्रधानमन्त्री शाह

**रासस**
काठमाडौं, १४ साउन

प्रधानमन्त्री वालेन्द्र शाहले सुनसरीको देवानगञ्ज र सिरहालगायत स्थानमा भएका घटनामा दुःख व्यक्त गर्दै केही जिल्लामा उत्पन्न अशान्त वातावरणलाई लिएर नेपाल सरकार पूर्ण रूपमा गम्भीर र संवेदनशील रहेको बताउनुभएको छ।



बिहीबार राष्ट्रका नाममा सम्बोधन गर्दै प्रधानमन्त्री शाहले उक्त दुःखद् घटनामा परी निधन हुनुभएका नागरिकहरू जयप्रकाश मेहता, ओमप्रकाश मेहता र गणेश यादवप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा नेपाल सरकारका तर्फबाट गहिरो समवेदना व्यक्त गर्नुभएको छ। "म आज एक अत्यन्त संवेदनशील घडीमा तपाईंहरूसामु उपस्थित भएको छु", उहाँले भन्नुभयो, "देशको कुनै एक स्थानमा भएको अनपेक्षित र दुःखद् घटनालाई लिएर कुनै सिङ्गो समुदायलाई आरोपित गर्नु र देशका अन्य भूभागमा समेत त्यसको प्रतिशोधको आगो फैलाउनु कुनै पनि दृष्टिकोणबाट न्यायोचित वा न्यायसङ्गत हुन सक्दैन।" उहाँले नेपालको संविधानले प्रत्येक नागरिकलाई आ-आफ्नो धर्म, संस्कृति र परम्परा मान्ने मौलिक हक प्रदान गरेको उल्लेख गर्दै संवैधानिक दायित्व निर्वाह गर्न सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको बताउनुभयो। प्रधानमन्त्री शाहले घटनामा परी घाइते हुनुभएका सम्पूर्ण नागरिकहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै घाइतेहरूको उपचारमा कुनै पनि प्रकारको कमी वा ढिलाइ हुन नदिन सम्बन्धित स्वास्थ्य निकायहरुलाई स्पष्ट निर्देशन दिइसकिएको बताउनुभएको छ। घटना भएलगत्तै सबै सुरक्षा निकायहरूले तत्काल घटनास्थलमा पुगेर परिस्थितिलाई सामान्य बनाउने, थप अप्रिय घटना हुन नदिने र शान्ति-सुरक्षा कायम गर्ने प्रयास निरन्तर भइरहेको उहाँको भनाइ छ। "घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कडा कानुनी कारबाही गर्न गृह मन्त्रालयले छानबिन समिति गठन गरिसकेको छ, म सबैमा विश्वास दिलाउन चाहन्छु, यो छानबिन पूर्ण रूपमा निष्पक्ष र पारदर्शी हुनेछ। घटनामा संलग्न दोषी जो-कोही भए पनि कानुनी दायरामा ल्याउन सरकार प्रतिबद्ध छ", प्रधानमन्त्रीले भन्नुभयो।

प्रधानमन्त्री शाहले अवस्था थप नबिग्रियोस्, कुनै पनि नागरिकको जनधनको क्षति हुन नपाओस् र स्थानीयस्तरमा विश्वासको वातावरण बनोस् भन्नका लागि नेपाल सरकार निरन्तर क्रियाशील रहेको समेत स्पष्ट पार्नुभएको छ। परिस्थिति सामान्यीकरण गर्न केन्द्रस्तरमा सर्वदलीय बैठक आह्वान गरी गहन छलफल गरिएको र स्थानीय तहसम्मै जनप्रतिनिधि, नागरिक समाज, विभिन्न धार्मिक गुरुहरू, समुदायका अगुवा तथा सामाजिक व्यक्तित्वहरूसँग निरन्तर संवाद भइरहेको समेत उहाँले उल्लेख गर्नुभयो।

"स्थानीय स्थितिको प्रत्यक्ष अनुगमन गर्न, पीडित पक्षसँग संवाद गर्न र शान्ति-सुरक्षालाई थप सुदृढ बनाउन गृहमन्त्री स्वयं, सुरक्षा निकायका उच्च अधिकारीहरूसहित घटनास्थलतर्फ प्रस्थान गरिसक्नु भएको छ", उहाँले भन्नुभयो, "देशको समग्र शान्ति-सुरक्षाको अवस्थाबारे गम्भीर समीक्षा गर्न राष्ट्रिय सुरक्षा परिषद्को बैठक बसी परिस्थिति अनुसारका आवश्यक निर्णयहरूसमेत गरिसकिएको छ।"प्रधानमन्त्री शाहले यस्तो संवेदनशील घडीमा सामाजिक सञ्जाल वा अन्य माध्यमबाट असत्य, अपुष्ट सूचना, अफवाह, घृणा फैलाउने सामाग्री वा समुदायबीच वैमनस्य बढाउने अभिव्यक्तिको प्रचारप्रसार नगर्न, नगराउन समेत अनुरोध गर्दै सरकारी निकायहरूबाट जारी भएका आधिकारिक तथ्य र सूचनामा मात्र विश्वास गर्न विशेष आग्रह गर्नुभएको छ। "प्रत्येक नागरिकको जीउधनको रक्षा गर्नु, सामाजिक सद्भाव जोगाउनु र समाजमा शान्ति कायम राख्नु राज्यको सर्वोच्च र प्राथमिक दायित्व हो। आगामी दिनमा पनि राज्य थप सतर्क र संवेदनशील रहनेछ", उहाँले भन्नुभयो। प्रत्येक नागरिकको जीवन सुरक्षाका लागि सरकारका सम्पूर्ण संयन्त्रहरू अहोरात्र खटिने उल्लेख गर्दै उहाँले शान्ति-सुरक्षा भङ्ग गर्ने, अराजकता फैलाउने वा हाम्रो सदियौँ पुरानो सामाजिक सद्भाव, सहिष्णुता र भाइचारा खलबल्याउने कुनै पनि क्रियाकलापप्रति सरकार पूर्ण रूपमा सचेत छ र यस्ता गतिविधिमाथि कडा कदम चालिने समेत बताउनुभयो।

"धर्म, समाजलाई आपसमा जोड्ने र प्रेम बाँड्ने शक्ति हो, संसारको कुनै पनि धर्म वा संस्कृतिले हिंसा, घृणा र विभाजन सिकाउँदैन। सबै धर्मको मूल सार करुणा, दया, प्रेम र शान्ति नै हो", उहाँले भन्नुभयो, "हाम्रो इतिहास साक्षी छ -कठिनभन्दा कठिन र अप्ठ्यारो परिस्थितिमा पनि आपसी एकता, सहिष्णुता र विवेक नै हाम्रा सबैभन्दा ठूला शक्ति बनेका छन्।" सबैले जिम्मेवार नागरिकको भूमिका निर्वाह गर्दै सुन्दर र शान्त नेपाली आकाशमा मडारिएको अशान्तीको बादल हटाउनु पर्ने अवस्था आएको उहाँको भनाइ छ। प्रधानमन्त्री शाहले मैथलीमा सम्बोधन गर्दै राष्ट्रिय एकता कायम राख्न आग्रह गर्नुभयो। "हम आमनागरिक, नागरिक समाज, धार्मिक समुदाय, सब आदरणीय अगुवा, सब राजनीतिक दल आ जिम्मेवार सञ्चारके माध्यम सबके धैर्यता आ संयमता अपना क शान्ति, सद्भाव, भाइचारा आ राष्ट्रिय एकता कायम राख के लेल सरकार के तरफ स हार्दिक अपिल क रहल छी", उहाँले भन्नुभयो।

## फिर्केखोलाका संरचना हटाउन पोखरा महानगरको ताकेता

**पोखरापत्र संवाददाता**
पोखरा, १४ साउन

पोखरा महानगरपालिकाले फिर्केखोलाभित्रका सबै संरचना हटाउन सम्बद्ध पक्षलाई पुनः सूचना जारी गरेको छ।

खोलाघर क्षेत्रमा मापदण्ड मिचेर बनाइएका केही ठूला संरचना गत जेठमा महानगर आफैँले डोजर लगाएर हटाए पनि अन्य संरचना यथावत् रहे पनि महानगरपालिकाले ताकेता गरेको हो।

महानगरपालिकाले बुधबार सार्वजनिक सूचनामार्फत केही घरधनी र संस्थाले मौखिक प्रतिबद्धताअनुसार संरचना नहटाएकामा ध्यानाकर्षण भएको जनाउँदै कबुल गरेबमोजिम संरचना हटाउन आग्रह गरेको छ। महानगरको आग्रहलाई अटेर गरेमा वर्षायाम सकिनासाथ खोलाघरभित्र बनेका संरचना पूर्ण रूपमा हटाउने जनाइएको छ। घरधनी र संस्थाको आग्रह र मौखिक प्रतिबद्धताअनुसार संरचना हटाउन केही समय दिइए पनि खोलाघरभित्रका अनाधिकृत संरचना हटाउने अभियान जारी रहेको महानगरले स्पष्ट पारेको छ।

समय उपलब्ध गराउँदासमेत हालसम्म प्रतिबद्धताबमोजिम संरचना नहटाइएका भनी महानगरले आपत्ति जनाएको छ।

फिर्केखोलाको संरक्षण र विकास गर्दै वातावरण तथा पर्यावरणमैत्री पोखरा निर्माण गर्ने अभियानमा हातेमालो गर्न महानगरले सबैमा आग्रह गरेको छ। पोखरा महानगरपालिकाका-१८ अधँरीकुना हुँदै फेवाताल मिसिने फिर्केखोला संरक्षण तथा सौन्दर्यीकरण गर्न वातावरण संरक्षणका लागि महाअभियानले पनि केही दिनअघि महानगरको ध्यानाकर्षण गराएको थियो।

महाअभियानले फिर्केखोला खोलाघरमा निर्मित सबै संरचना हटाइ पैदलमार्ग र साइकल लेनसहितको करिडोर निर्माणमा जोड दिँदै आएको छ। महाअभियानका संयोजक रामबहादुर पौडेलले उक्त खोलामा अतिक्रमण हटाउन लिइएको पहल सकारात्मक भए पनि कतिपय संरचना अझै नहट्नुमा पालिका र वडाको कमजोरी रहेको बताउनुभयो।

बढ्दो अतिक्रमण, प्रदूषण, फोहरमैला व्यवस्थापनमा भएको कमजोरी, योजनाविहीन सहरीकरण तथा नियमनमा भएको लापार्वाहीले खोलाको प्राकृतिक स्वरूप र अस्तित्वमाथि नै चुनौती थपिएको महाअभियानको ठहर छ। पोखरा-१८ अँधेरीकुनाबाट सात वटा वडा पार गरी उक्त खोला फेवातालमा मिसिन्छ। महाअभियानले वडा नं ४, ५, ८ र ७ स्थित खोलाघरमा बाँकी रहेका विभिन्न संरचना हटाउन महानगरपालिकासँग माग गरेको छ।

## कांग्रेस नेता आङ्देम्बेद्वारा सद्भाव र धार्मिक सहिष्णुताका लागि अपिल


**रासस**
काठमाडौं, १४ साउन

नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले देशको विभिन्न स्थानमा पछिल्ला केही दिनदेखि देखिएको तनावपूर्ण घटनाक्रमले चिन्तित तुल्याएको उल्लेख गर्दै शान्ति, सद्भाव र धार्मिक सहिष्णुताका लागि अपिल गर्नुभएको छ।

नेता आङ्देम्बेले बिहीबारएकविज्ञप्तिमार्फतसुनसरीको देवानगञ्ज नगरपालिका-३ कप्तानगञ्जदेखि फैलिएको तनाव सिरहाको गोलबजार, धनुषाको जनकपुर हुँदै पर्साको वीरगञ्जसम्मै फैलिएको र यसबीचमा तीन नागरिकले ज्यान गुमाएको घटनाप्रति दुःख व्यक्त गर्नुभएको छ।

"नेपाल विविध धर्म, भाषा, संस्कृति र समुदायको साझा फूलबारी हो। यही विविधताबीचको एकता हाम्रो सबैभन्दा ठूलो शक्ति हो", उहाँले भन्नुभएको छ, "हामीले सदियौँदेखि एकअर्काको धर्म, संस्कृति र परम्पराको


बाँकी अन्तिम पृष्ठमा ▶▶


## साम्प्रदायिक सद्भाव कायम गर्न सबै नेता एकजुट हुनुपर्नेमा रास्वपा सभापति लामिछानेको जोड

**रासस**
काठमाडौं १४ साउन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले देशमा देखिएको वर्तमान परिस्थितिमा सबै राजनीतिक दल, नेता तथा नागरिकलाई संयमित हुन आग्रह गर्दै साम्प्रदायिक सद्भाव कायम राख्न अपिल गर्नुभएको छ।



सिंहदरबारस्थित रास्वपाको संसदीय दलको कार्यालयमा तराई-मधेस केन्द्रित दलका नेताहरूसँग भएको छलफलपछि सञ्चारकर्मीसँग कुरा गर्दै सभापति लामिछानेले अहिले आरोपप्रत्यारोप र तत्काल मूल्याङ्कन गर्नेभन्दा पनि हिंसा नफैलियोस् भन्नेमा सबैपक्ष केन्द्रित हुनुपर्ने बताउनुभयो। उहाँले अहिलेको समयमा बोलिने अभिव्यक्ति र सामाजिक सञ्जालमा गरिने टिप्पणीले शान्ति कायम गर्न सहयोग पुग्ने खालको हुनुपर्ने उल्लेख गर्दै हिंसा भड्काउने अभिव्यक्ति नदिन आग्रह गर्नुभयो। सभापति लामिछानेले सबै राजनीतिक दल र नेताहरूले आफूलाई विश्वास गर्ने तथा आफ्ना कुरा सुन्ने नागरिकसम्म शान्ति, सदभाव र संयमताको सन्देश पुऱ्याउनुपर्ने बताउनुभयो।

"अहिले समय मूल्याङ्कन गर्ने होइन, हिंसा नफैलियोस् र सद्भाव कायम रहोस् भन्नेमा सबै संयमित हुन आवश्यक छ। हामीले बोलेका शब्दले शान्ति कायम गर्न सहयोग गर्नुपर्छ, हिंसा बढाउने होइन", उहाँले भन्नुभयो, "अहिले मेरो अपिल सबै राजनीतिक दलका नेताहरूलाई छ। हामीलाई सुन्ने, मान्ने र विश्वास गर्ने जनसमुदायलाई शान्ति, सद्भाव र संयमको सन्देश दिनुपर्छ। त्यो अपिल बस्ती-बस्ती, टोल-टोलसम्म पुग्नुपर्छ। आमनागरिकले बुझ्ने गरी अहिले एकआपसमा लड्दा त्यसको असर सबैलाई पर्छ, कसैले जित्दैन भन्ने कुरा बुझाउनुपर्छ।" मानिस मानिससँग डराउने अवस्था सिर्जना हुन नदिन सबैले जिम्मेवारीपूर्वक व्यवहार गर्नुपर्ने बताउँदै सभापति लामिछानेले अहिले साम्प्रदायिक हिंसा कसरी उत्पन्न भयो भन्ने समीक्षा गर्नेभन्दा पहिले आगो निभाउने काममा केन्द्रित हुनुपर्ने धारणा राख्नुभयो। समय आएपछि राजनीतिक र नैतिक जिम्मेवारीबारे समीक्षा गर्न सकिने उहाँको भनाइ थियो। साथै, उहाँले आफ्ना परिवारका सदस्यलाई अफवाह र उत्तेजनात्मक गतिविधिबाट टाढा राख्न आग्रह गर्नुभयो।

छलफलमा सहभागी जनमत पार्टीका अध्यक्ष डा सिके राउतले बैठकमा शान्ति, सद्भाव कायम राख्ने र अफवाह फैलिन नदिने विषयमा जोड दिइएको बताउनुभयो। राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले सरकारले न्याय, शान्ति सुरक्षा र साम्प्रदायिक सद्भाव कायम गराउन प्रभावकारी भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो। देशको पछिल्लो परिस्थितिबारे छलफल गर्न आयोजित बैठकमा जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव, लोसपाका अध्यक्ष महन्थ ठाकुर, जनमत पार्टीका अध्यक्ष डा सिके राउत तथा राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो, राष्ट्रिय निर्माण दलका नेता समिम अन्सारीलगायत सहभागी हुनुहुन्थ्यो।

# गण्डकीमा सामाजिक सुरक्षा कोषमा आबद्धता बढ्दो

पोखरापत्र संवाददाता
पोखरा, १४ साउन

गण्डकी प्रदेशमा योगदानमा आधारित सामाजिक सुरक्षा कोष योजनाप्रति आकर्षण बढ्दै गएको छ।

गत आर्थिक वर्षमा मात्रै प्रदेशभर १ हजार ३ सय ७ वटा रोजगारदाता (संघ-संस्था तथा प्रतिष्ठान) सामाजिक सुरक्षा कोषमा सूचीकृत भएका छन्।

त्यसै गरी प्रदेशमा ३३ हजार ३ सय ३३ जना नयाँ योगदानकर्ता कोषमा आबद्ध भएको सामाजिक सुरक्षा कोष, सम्पर्क कार्यालय पोखराका प्रमुख डि.पी. सुन्दर पराजुलीले बताउनु भयो । पछिल्लो समय रोजगारदाता र श्रमिक दुवैमा सामाजिक सुरक्षा योजनाप्रतिको विश्वास बढ्दै जाँदा कोषमा आबद्ध हुनेको संख्या उल्लेखनीय रूपमा वृद्धि भएको उहाँले बताउनुभयो।

"सामाजिक सुरक्षा योजनाका बारेमा जनचेतना विस्तार, नियमित अभिमुखीकरण, रोजगारदातासँगको समन्वय र सेवा प्रवाहलाई सहज बनाइएकाले आबद्धता निरन्तर बढिरहेको छ," प्रमुख पराजुलीले बताउनुभयो। पोखरा कार्यालयले रोजगारदाता तथा योगदानकर्ता सूचीकरण, अवकाश दाबी व्यवस्थापन, केवाईसी सहजीकरण, योगदानकर्ता विशेष सापटी, धितो व्यवस्थापन, गुनासो सुनुवाइ, स्वास्थ्य सेवा समन्वय तथा अनौपचारिक, स्वरोजगार र वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराउने लगायतका सेवा प्रदान गर्दै आएको छ। कार्यालयले गत वर्ष श्रम कार्यालयसँगको सहकार्यमा १७ वटा संयुक्त अनुगमन तथा निरीक्षण समेत सम्पन्न गरेको जनाएको छ। साथै, अन्य अवकाश कोषमा रहेको करिब ११७ करोड रुपैयाँ सामाजिक सुरक्षा कोषमा स्थानान्तरण गर्न आवश्यक समन्वय र सहजीकरणमा पनि महत्वपूर्ण भूमिका खेलेको कार्यालयले जनाएको छ। यद्यपि सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयनमा अझै केही चुनौती रहेको कार्यालयको भनाइ छ। पर्याप्त जनशक्तिको अभाव, मन्त्रालयगत समन्वयमा देखिने समस्या,रोजगारदाताका गुनासो व्यवस्थापन तथा अनौपचारिक क्षेत्रका श्रमिकसम्म सेवा विस्तार गर्नुपर्ने आवश्यकता मुख्य चुनौतीका रूपमा रहेको प्रमुख पराजुलीले बताउनुभयो।


सरकारले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा सबै उद्योग, व्यवसाय, कम्पनी, संस्था, सहकारी र फर्मलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य रूपमा आबद्ध गराउने नीति घोषणा गरेपछि कोषको दायरा थप विस्तार हुने अपेक्षा गरिएको छ। कम्पनी वा संस्थाको दर्ता तथा नवीकरण गर्दा श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराई नियमित योगदान गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था गर्ने सरकारी तयारीले सूचीकरणलाई थप गति दिने विश्वास गरिएको छ।

हालसम्म राष्ट्रिय रूपमा सामाजिक सुरक्षा कोषमा लाखौँ श्रमिक आबद्ध भइसकेका भए पनि अझै ठूलो संख्यामा रहेका रोजगारदातारश्रमिकलाईयोजनाभित्र ल्याउनुपर्ने आवश्यकता रहेको सरोकारवालाले बताएका छन्।

# सगरमाथा र ल्होत्सेका चिनियाँ आरोहीलाई अध्यक्ष दाहालद्वारा सम्मान

पोखरापत्र संवाददाता
पोखरा, १४ साउन

सन् २०२६ को वसन्त ऋतुमा एकैपटक सर्वोच्च शिखर सगरमाथा र ल्होत्सेको सफल आरोहण गर्ने चिनियाँ आरोहीलाई सम्मान गरिएको छ।



सन् २०२६ को मे १४ मा हिमालयन माउन्टेयरिङ एक्सपिडिसनमार्फत सगरमाथाको लगत्तै क्याम्प-२ झरेर मे १८ मा ल्होत्सेको समेत सफल आरोहण गर्ने चिनियाँ आरोही सी जुन्जी र नेपाली पथप्रदर्शक निङ्मा तामाङ र दावा नुरु राई शेर्पालाई सम्मान गरिएको हो।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले सन् २०२६ को एउटै सिजनमा 'नन-स्टप' दुई हिमालको आरोहण गर्ने उहाँहरूलाई आज सम्मान गर्नुभएको हो।

अधिकांश आरोहीले सगरमाथाको आरोहणपछि क्याम्प-४ मा झरेर ल्होत्सेको आरोहण गर्दैआएको भए पनि सी जुन्जीको टोलीले भने क्याम्प-२ मा झरेर लोत्सेको आरोहण गरेको थियो।

संयोजक दाहालले सी जुन्जीको टोलीको अदम्य साहस र अग्रगामी भावनाको उच्च प्रशंसा गर्नुभयो । "सगरमाथा र ल्होत्सेको लगातार आरोहणले पर्वतारोहीको शारीरिक क्षमता, प्राविधिक सीप र मानसिक दृढताको कडा परीक्षा लिन्छ, सीको टोलीले विश्व पर्वतारोहणको सीमालाई थप फराकिलो बनाएको छ," उहाँले भन्नुभयो । संयोजक दाहालले हिमालसँगको आफ्नो भावनात्मक सम्बन्ध रहेको बताउनुभयो। आफ्नो छोरा प्रकाश दाहालले पनि सगरमाथा आरोहण गरेको स्मरण गर्दै उहाँले हिमाललाई सम्मान गर्ने र सुरक्षित आरोहण गर्ने प्रत्येक पर्वतारोहीप्रति आफ्नो गहिरो आदर रहेको बताउनुभयो।

पूर्वप्रधानमन्त्री दाहालले चीन र नेपालबीचको जनस्तरको पर्वतारोहण सम्बन्धले दुई देशको सांस्कृतिक सम्बन्धलाई थप मजबुत बनाउने विश्वास व्यक्त गर्नुभयो।

आरोही सी जुन्जीले आफ्नो ऐतिहासिक सफलतामा नेपाली पथप्रदर्शकको पूर्ण सहयोग रहेको बताउनुभयो।

उहाँले आगामी दिनमा पनि हिमालयन पर्वतारोहण र चीन-नेपालमैत्री सम्बन्धलाई थप उचाइमा पुऱ्याउन आफू लागि रहने प्रतिबद्धता जनाउनुभयो।

# स्याङ्जामा संघ र प्रदेशलाई झण्डै ८५ करोड राजस्व

पोखरापत्र संवाददाता
वालिङ, १४ साउन

आर्थिक बर्ष २०८२/०८३ मा स्याङ्जाका सरकारी कार्यालयले संघ र प्रदेश सरकारलाई झण्डै ८५ करोड राजस्व संकलन गरेका छन् । विभिन्न बिषयमा नागरिकबाट सरकारी कार्यालयले संघ र प्रदेश सरकारलाई ८४ करोड ८३ लाख ७८ हजार ७ सय ६८ रुपैयाँ राजस्व संकलन गरेका हुन्।

कोष तथा लेखा नियन्त्रक कार्यालय स्याङ्जाले दिएको विवरण अनुसार संघिय सरकारलाई ५६ करोड ५९ लाख ३ हजार ६३ रुपैयाँ र प्रदेश सरकारलाई २८ करोड २४ लाख ७५ हजार ७ सय ५ रुपैयाँ राजस्व संकलन भएको हो। संघिय सरकारका मातहतका सरकारी कार्यालय र प्रदेश सरकार महातहतका सरकारी निकायले आर्थिक बर्ष २०८२/०८३ का लागि राजस्व संकलन गरेका हुन् । तुलानात्मक रुपमा आर्थिक बर्ष २०८१/०८२ भन्दा यो आर्थिक बर्षमा राजस्व केही घटेको अनुमान कोलेनिकाले लगाएको छ । संघिय सरकारलाई सबैभन्दा बढी कर पठाउनेमा करदाता कार्यालय देखिएको छ । कोलेनिकाले दिएको विवरण अनुसार करदाता कार्यालय स्याङ्जाले १९ करोड २४ लाख ३४ हजार ४ सय ६३ रुपैयाँ संकलन गरेको थियो । सरकारको निर्णयले करदाता कार्यालय हटाउने निर्णय गरेपछि माघबाट कोलेनिकाले करदाता कार्यालयको काम कारवाही गर्दै आएको छ । करदाता कार्यालयको काम कारवाही पनि सम्हालेको कोलेनिकाले १७ करोड ११ लाख ९० हजार ९ सय २९ रुपैयाँ राजस्व संकलन गरेको विवरणमा उल्लेख छ।

यसैगरी जिल्ला प्रशासन कार्यालय स्याङ्जाले २ करोड ८६ लाख ६९हजार ९ सय २४ र इलाका प्रशासन कार्यालय वालिङले २ करोड ६० लाख ९१ हजार ३ रुपैयाँ राजस्व संकलन गरेका छन्। दुई प्रशासन निकायले राहदानी, हातहतियार नविकरण लगायतका बिषयमा राजस्व संकलन गरेका थिए। झण्डै ६ करोड राजस्व राहदानीबाट संकलन गरेको अनुमान गरिएको छ। यसैगरी जिल्ला प्रहरी कार्यालय स्याङ्जाले १ करोड १५ लाख ७० हजार २० रुपैयाँ राजस्व संकलन गरेको छ र सबैभन्दा धैरै ट्राफिक प्रहरीले सवारीसाधन जरिवानाबाट राजस्व संकलन भएको छ। सबैभन्दा थोरै वडा प्रहरी कार्यालय वालिङले संघिय सरकारलाई राजस्व पठाएको छ। वालिङले ३० हजार रुपैयाँ मात्रै राजस्व संकलन गरेको कोलेनिकाले जनाएको छ । संघिय सरकारलाई २९ सरकारी कार्यालयले राजस्व संकलन गरेर पठाएका छन् । जसमध्ये १० स्थानीय तहपनि रहेका छन् । हरिनास गाउँपालिकाले भने राजस्व जम्मा नगरेको देखिएको छ।

यता गण्डकी प्रदेश सरकारलाई स्याङ्जाबाट २८ करोड २४ लाख ७५ हजार ७ सय ५ रुपैयाँ संकलन गरेको छ । प्रदेश सरकारलाई सबैभन्दा धैरै पुर्वाधार कार्यालय स्याङ्जाले राजस्व पठाएको छ । पुर्वाधार कार्यालयले ११ करोड ३९लाख ४१ हजार ४ सय ७८ रुपैयाँ संकलन गरेको छ । सवारी साधन नविकरण सगै पुर्वाधारको काम गर्ने भएका कारण यो कार्यालयले धैरै राजस्व संकलन गर्न सफल भएको हो । यसैगरी मालपोत कार्यालय स्याङ्जाले २ करोड ४६ लाख ५१ हजार ३ सय ५ र वालिङले २ करोड ७१ लाख ९३ हजार ५ सय ७७ रुपैयाँ राजस्व संकलन गरेको छ । मालपोत कार्यालय वालिङले स्याङ्जाको तुलनामा बढी राजस्व संकलन गर्न सफल भएको कोलेनिकाको विवरणमा उल्लेख छ।

कोष तथा लेखा नियन्त्रक कार्यालय स्याङ्जाका निमित्त प्रमुख बिष्णु प्रकाश श्रेष्ठले राजस्व गत बर्षको अनुपातमा केही घटेको हुनसक्ने बताए । मुल्य अभिबृद्धि कर (भ्याट) बुझाउन अधिकांश नागरिक पोखरा जाने भएकाले राजस्व संकलनमा केही कमी आएको बताए । प्रदेश सरकारलाई २६ सरकारी कार्यालयले राजस्व संकलन गर्ने गरेका छन् । जसमध्ये ४ ओटा स्थानीय सरकारले पनि प्रदेश सरकारलाई राजस्व संकलन गरी पठाएको छ। पुतलीबजार, वालिङ नगरपालिका र बिरुवा, हरिनास गाउँपालिकाले मात्रै प्रदेश सरकारलाई राजस्व पठाएका छन्।

# एसियाली खेलकुदअघि नेपाली टोलीलाई सुरक्षा अभिमुखीकरण

पोखरापत्र संवाददाता
पोखरा, १४ साउन

जापानको आइची नागोया सहरमा आयोजना हुने २० औं एसियाली खेलकुदका सहभागी खेलाडि, प्रशिक्षक, टिम म्यानेजर, अफिसियल र जजको लागि काठमाडौंमा सुरक्षा अभिमुखीकरण कार्यक्रम आयोजना भएको छ।



नेपाल ओलम्पिक कमिटी एनओसी सँगको सहकार्यमा नेसनल ओलम्पिक एकेडेमी नेपाल (एनओए) ले आगामी सेप्टेम्बर र अक्टोबरमा हुने एसियाली खेलकुदको तयारीमा रहेका खेलाडी र अफिसियलहरूका लागि मंगलबार अभिमुखीकरण कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रममा नेशनल ओलम्पिक एकेडेमी नेपालका अध्यक्ष तेजबहादुर गुरुङले खेलकुदमा संलग्न खेलाडी, प्रशिक्षक, अफिसियललगायत सबैका लागि सुरक्षा सचेतना अपरिहार्य रहेको बताएका थिए । उनले प्रत्येक खेलाडीले आफ्नो व्यक्तिगत सुरक्षा, अनुशासन र अन्तर ष्ट्रिय प्रतियोगिताका क्रममा अपनाउनुपर्ने सुरक्षा मापदण्डबारे जानकारी हुनु आवश्यक भएकाले यस्तो सुरक्षा अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको स्पष्ट पारे।

अभिमुखीकरणमा एकेडेमीका निर्देशक सुजनलाल श्रेष्ठ, सदस्यद्धय प्रतिभा जोशी र डा प्रमिला थापाले सम्बन्धित विषयमा प्रस्तुति दिएका थिए । उनिहरुले खेलकुदमा सुरक्षाका सिद्धान्त, उत्पीडन र दुर्व्यवहारको रोकथाम, खेलाडीहरूको अधिकार र कल्याणको संरक्षण र सुरक्षित खेलकुद वातावरण प्रवर्द्धन खेलाडी, प्रशिक्षक, प्रबन्धक र अधिकारीहरूको सामूहिक जिम्मेवारीमाथि छलफल गरेका थिए।

कार्यक्रममा एनओसीका सह महासचिव रामजीबहादुर श्रेष्ठलाई आगामी एसियाली खेलकुदको लागि नेपालको सुरक्षा अधिकारीको नियुक्त गरिएको जानकारी पनि दिईएको थियो । राष्ट्रिय खेलकुद परिषदका निर्देशक,बिभागिय प्रमुखहरु पनि सहभागिता रहेको कार्यक्रमको पहिलो सत्रमा पौडी, ब्याडमिन्टन, आर्चरी कबड्डी र टेबल टेनिसका प्रशिक्षक, प्रबन्धक र खेलाडीहरूको उपस्थिति रहेको थियो।

दोस्रो सत्रमा जुडो, तेक्वान्दो, टेबल टेनिस, भलिबल, बक्सिङ र स्क्वासका प्रतिनिधि सहभागी थिए। एनओसीका अनुसार बाँकी खेलका लागि पनि यस्तै सत्र सञ्चालन गरिनेछ । एनओसीले यस अभिमुखीकरण कार्यक्रमको उदेश्य एसियाली खेलकुदमा प्रस्थान गर्नुअघि नेपालको टोलीका प्रत्येक सदस्यलाई सुरक्षा नीति र अभ्यासहरूको बारेमा राम्रोसँग जानकारी गराउने रहेको जनाएको छ।

## कांग्रेस ...

सम्मान गर्दै आएका छौँ । आपसी भाइचारा, बन्धुत्व र सामाजिक सद्भाव कायम राखेका छौँ । यसलाई कुनै पनि हालतमा कमजोर हुन दिनु हुँदैन।"

नेता आङ्देम्बेले धर्म र पूजा गर्ने तौरतरिका, संस्कृति र परम्परा फरक भए पनि मानवता सबैभन्दा ठूलो धर्म भएको बताउँदै हरेक धर्मले प्रेम, करुणा, सहिष्णुता, क्षमा र शान्तिको सन्देश दिने उल्लेख गर्नुभएको छ । कुनै पनि धर्मले घृणा, हिंसा वा वैमनस्य नसिकाउने भएकाले धर्मका नाममा, जातको नाममा एकअर्काप्रति अविश्वास र द्वेष फैलाउने कामबाट सबै सचेत हुन आवश्यक रहेको उहाँले उल्लेख गर्नुभएको छ।

नेता आङ्देम्बेले सबै राजनीतिक दल, धार्मिक अगुवा, नागरिक समाज, सञ्चारमाध्यम र युवापुस्तालाई अहिले आरोपप्रत्यारोप नभई समाजलाई जोड्ने काममा लाग्न र एकअर्कालाई दोषी देखाउने नभई विश्वासको वातावरण बनाउन आग्रह गर्नुभएको छ । उहाँले सरकारले पनि नागरिकको जीवन र सुरक्षालाई सर्वोच्च प्राथमिकतामा राख्दै बल प्रयोगभन्दा संवाद, विश्वास र कानुनी प्रक्रियामार्फत परिस्थितिलाई सामान्य बनाउन तत्काल प्रभावकारी पहल गर्नुपर्नेमा जोड दिनुभएको छ।

नेता आङ्देम्बेले घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनबमोजिम कारबाही गर्न तथा भविष्यमा यस्ता घटना दोहोरिन नदिन आवश्यक कदम चाल्नुपर्ने बताउनुभएको छ।

स्वच्छ शहर: स्वस्थ्य शहर

◆ धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
◆ सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
◆ तोकिएको स्थानमा मात्र फोहोर फालौं,
◆ नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
◆ सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
◆ ध्वनि र वायु प्रदुषण कम गरौ,
◆ सडकको समय-समयमा मर्मतसम्भार गरौ,
◆ सडकमा निर्माण सामग्री नराखौ।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# सामाजिक सद्भाव कायम राख्न सबैले प्रयास गरौं

सुनसरीको देवानगञ्ज कप्तानगञ्ज क्षेत्रमा भएको हिंसात्मक घटनाले मुलुकलाई गम्भीर मोडमा उभ्याएको छ । सुनसरी र सिरहा गरि तीन जनाको ज्यान गएको छ । बीसौं जना घाइते भएका छन् । अहिलेको हिंसात्मक घटनाले साम्प्रदायिक सद्भावमा खलबलिने चिन्ता बढेको छ । आक्रोश सिरहा, धनुषा, पर्सा, मोरङ, लगायतका जिल्लामा समेत देखिन थालेको छ । नागरिकले सरकार खोज्दा गोली भेटे।कर्फ्यु भोगे र सैनिकको गाडी कुदाएर मात्र शान्ति सुरक्षा कायम हुँदैन ।नागरिकमा सरकार छ भन्ने विश्वास दिलाउनु सरकारको पहिलो दायित्व हो । चार दिनपछि प्रधानमन्त्री बालेन्द्र शाहले राष्ट्रका नाममा सम्बोधन गरेर धैर्यता, संयमता, शान्ति, सामाजिक सद्भाव, भाइचारा र राष्ट्रिय एकता कायम राख्न अपिल गरेका छन ।

संसद् चलिरहेकै बेला पनि प्रधानमन्त्री बालेन्द्र शाह सदनमा उपस्थित भएर देशलाई सम्बोधन गरेको भए सिरहाको घटना घट्ने थिएन । सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, सबैलाई आव्हान गरेको भए संवेदनशील अवस्थामा राष्ट्र एक छ भन्ने सन्देश जाने थियो । ढिलै भए पनि राष्ट्रका नाममा नरम भएर सन्देश आउनु सकारात्मक हो।प्रधानमन्त्री भएपछि पहिलोपटक राष्ट्रपति रामचन्द्र पौडेललाई भेट्नु पनि परिस्थितिलाई बुझ्न खोजेको प्रतीत हुन्छ । सामाजिक सद्भाव कायम गर्न केन्द्र संगै प्रदेश र स्थानीय तहको पनि भुमिका महत्त्वपूर्ण हुन्छ।प्रधानमन्त्रीले प्रदेश सरकार र स्थानीय सरकारलाई सामाजिक सद्भाव कायम गर्न आव्हान नगर्नु अहंकार अझै नहटेको हो कि भन्ने देखिन्छ । विपक्षी दलहरूले प्रधानमन्त्री र गृहमन्त्रीको राजीनामा मागिरहेका छन् । उनीहरूको मागको औचित्यमा प्रश्न उठ्छ तर संसद्मा उठेका प्रश्नको जवाफ दिनु सरकारको दायित्व हो । लोकतन्त्रमा प्रधानमन्त्रीको उत्तरदायित्व सामाजिक सञ्जालका पोस्टबाट पूरा हुँदैनन् ।

प्रधानमन्त्रीले त संसद्मा उभिएर जनप्रतिनिधि र नागरिक सबैलाई विश्वासमा लिन सक्नुपर्छ । राष्ट्रिय संकटका बेलासमेत प्रधानमन्त्री शाहले व्यक्तिगत फेसबुक पेजबाट सम्बोधन गर्नु राज्यका संचार माध्यमलाई विश्वास गर्न नचाहनु हो। सरकार परिस्थितिप्रति संवेदनशील थियो भने प्रधानमन्त्री स्वयंले संसद्मा विस्तृत धारणा राख्नुपर्थ्यो । उनले सबै राजनीतिक दललाई एक ठाउँमा बोलाएर सामाजिक सद्भाव जोगाउने साझा प्रतिबद्धता व्यक्त गरेको भए जिम्मेवारीवहन गरेको देखिन्थ्यो । तर सभापतिको सक्रियता देखिँदा पनि सरकारका मुख्य जिम्मेवार व्यक्ति स्वयं सार्वजनिकरूपमा नेतृत्वदायी भूमिकामा नदेखिनुले नागरिकमा अविश्वास बढाएको र राजनीतिक दलहरुप्रति दुरी बढाउने काम गरेको छ। जसले गर्दा नेपालको आकाशमा कालो बादल मडारिने अवस्था आएको त होइन भन्ने बुझ्न ढिलाइ गर्नु हुँदैन ।

प्रधानमन्त्री शाहको चार महिनाको कार्यशैली हेर्दा संसद् र शासनका वैध संवैधानिक संस्थाभन्दा केही व्यक्तिको सीमित घेराभित्र निर्णय गर्ने र आवश्यक सार्वजनिक संवादबाट टाढा रहने प्रवृत्तिमा अभ्यस्त बन्दै गएको देखिन्छ । यसले लोकतन्त्रको भविष्यका सन्दर्भमा पनि चिन्ता उब्जेको छ । लोकतान्त्रिक सरकार सञ्चालनमा यो शैली सामान्य समयमा पनि उपयुक्त मानिँदैन भने सामाजिक तनाव बढिरहेका बेला त झन् स्वीकार्य हुनै सक्दैन । लोकतन्त्रमा प्रधानमन्त्रीको शक्ति सार्वजनिक उत्तरदायित्वबाट आउँछ मौन र अनुपस्थितिबाट होइन । नेपालले विगतमा राजनीतिक अस्थिरता र हिंसाको महँगो मूल्य चुकाइसकेको छ । त्यसबाट सिक्नुपर्ने सबैभन्दा ठूलो पाठ हो । संकटका बेला सरकार मौन बस्न मिल्दैन ।

नागरिकमा अन्योल बढिरहेका बेला प्रधानमन्त्रीले संसद्लाई प्राथमिकता दिनुपर्छ, संवादलाई रोज्नुपर्छ र सबै राजनीतिक शक्तिलाई विश्वासमा लिनुपर्छ । नेतृत्वको परीक्षण सहज अवस्थामा होइन संकटका समयमा हुन्छ । देश संवेदनशील अवस्थामा रहेका बेला प्रधानमन्त्रीले जनआवाजलाई उपेक्षा गरी सीमित घेराभित्र बसेर शासन चलाउन खोज्नु उचित हुँदैन । संसद् सरकारलाई जवाफदेही बनाउने सर्वोच्च लोकतान्त्रिक मञ्च हो । त्यसैले प्रधानमन्त्री शाहले संसद्बाट टाढा रहने होइन संसद्कै रोष्ट्रममा उभिएर नागरिकलाई विश्वास दिलाउने अभ्यास गर्नुपर्छ।नागरिक समाज र राजनीतिक दलका नेताहरूसँग संवाद गरेर देशका सामु उत्पन्न समस्या र आउने चुनौतीको सामना सबै मिलेर गर्छौं भन्ने सन्देश दिनु जरुरी छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बड्ने |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : शुभ यात्रा |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# सुन्तलाबाट एक अर्ब ३२ करोड आम्दानी

**पोखरापत्र संवाददाता**
पोखरा, १४ साउन

स्याङ्जामा गत आर्थिक वर्ष सुन्तला बिक्रीबाट एक अर्ब ३२ करोड रुपैयाँभन्दा बढी रकम कृषकले हात पारेका छन् । जिल्लाबाट २० हजार ८८२ मेट्रिक टन सुन्तला निर्यात हुँदा सुन्तला उत्पादक कृषकले एक अर्ब ३२ करोड रुपैयाँ भन्दा बढी रकम हात पारेका हुन् ।

गएको वर्ष जिल्लामा २३ हजार २३८ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो भने उत्पादन भएकामध्ये दुई हजार ३५६ मेट्रिक टन सुन्तला घरायसी उपभोग तथा कोसेलीका रूपमा जिल्लामै खपत भएको जनाइएको छ । क्षेत्र विस्तारसँगै उत्पादन बढ्दै जाँदा सुन्तला कृषकको आम्दानीको मुख्य स्रोतका रूपमा स्थापित भएको छ । स्याङ्जामा सुन्तला सुपरजोन कार्यक्रम सुरु हुँदा आर्थिक वर्ष २०७३/७४ मा ८८६ हेक्टर क्षेत्रफलमा सीमित रहेको सुन्तला खेती पछिल्लो तथ्यांक अनुसार दुई हजार ४५० हेक्टर विस्तार भएको छ । थोरै संख्याका कृषकले सामान्य रुपमा उत्पादन गर्दै आएको सुन्तला एक हजार भन्दा बढी कृषकको व्यावसायिक खेती बनेको छ । सुन्तला खेतीबाट वार्षिक १० लाख भन्दा बढी आम्दानी लिने कृषकको संख्या जिल्लामा सयौ पुगेको छ । स्वादिलो र रसिलो पहिचान बनाएको स्याङ्जामा उत्पादित सुन्तलाको माग दिनानुदिन बढ्दै गएको छ । जिल्लाका ९७ वडामध्ये झण्डै ९० वटा वडामा सुन्तला उत्पादन हुने गरेको छ । पछिल्ला वर्षमा सुन्तलाबाट जुस, जाम, जुस, वाइन तथा सौन्दर्य सामग्रीसमेत उत्पादन हुन थालेपछि व्यावसायिक सम्भावना थप विस्तार हुँदै गएको कार्यक्रमले जनाएको छ ।

# स्केटिङको एसियाड तयारी थाइल्यान्डमा

**रासस**
काठमाडौं, १४ साउन

जापानमा हुने २० औँ एसियाली खेलकुदमा सहभागी हुने स्केटिङ खेलाडीले थाइल्यान्डको बैंककमा तयारी प्रशिक्षण गर्ने भएका छन् ।

एसियाडमा भाग लिने दुई पुरुष खेलाडी गजेन्द्र बर्देवा र शरदकुमार राई शुक्रबार बैंकक प्रस्थान गर्नेछन् । आगामी असोज ३ गतेदेखि सुरु हुने एसियाडमा दुवैले स्ट्रिट विधामा नेपालको चुनौती प्रस्तुत गर्नेछन् ।

उनीहरूले करिब एक महिना बैंककस्थित हुआ मक स्केट पार्कमा प्रशिक्षण गर्ने नेपाल स्केटिङ तथा स्केट बोर्डिङ सङ्घका महासचिव सत्य थापाले जानकारी दिनुभयो । उहाँले एकमहिने प्रशिक्षणपछि खेलाडीले त्यही प्रशिक्षणलाई निरन्तरता दिने वा नेपाल फर्कने अहिले टुङ्गो नलागेको बताउनुभयो । बैंककमा प्रशिक्षणलाई निरन्तरता दिने विषयमा पनि छलफल भइरहेको महासचिव थापाले बताउनुभयो ।

# चितवन राष्ट्रिय निकुञ्जमा बाघको सङ्ख्या वृद्धि

**रासस**
चितवनं, १४ साउन

चितवन राष्ट्रिय निकुञ्जमा अघिल्लो गणनामा बाघको सङ्ख्या १२८ रहेकामा यस वर्ष उक्त सङ्ख्या बढेर १४५ पुगेको छ । सङ्ख्या बढ्दै जाँदा निकुञ्ज र मध्यवर्ती क्षेत्रका बासिन्दालाई चुनौती थपिएको छ ।

सङ्ख्या बढेसँगै बाघ बस्तीतर्फ आउने र मानवीय आक्रमण हुनसक्ने चिन्ता थपिएको छ ।

यसरी मानव बस्तीमा आउने समस्याग्रस्त बाघलाई नियन्त्रणमा लिएर खोरमा राख्ने गरिएको छ । पूर्ववत् अवस्थामा फर्किन सक्नेलाई पुनः जङ्गलमा छोडिन्छ भने कतिपय बुढो भएर खोरमा मर्ने अवस्था आउने निकुञ्ज प्रशासनले जनाएको छ ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार निकुञ्जमा अहिले चार भाले र दुई पोथी गरी छ वटा बाघ खोरमा छन् । मुख्यालय कसरामा दुई, भरतपुरको देवनगरमा दुई र सौराहामा दुई वटा बाघ खोरमा रहेका उहाँले जानकारी दिनुभयो । "तिनीहरूलाई उद्धार गरेर खोरमा राखिएको हो । अधिकांश नरभक्षी बनेपछि निकुञ्जले नियन्त्रणमा लिएको हो । एउटा बाँकेबाट ल्याइएको हो भने अन्य चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रबाट नियन्त्रणमा लिएर राखिएको हो", उहाँले भन्नुभयो ।

निकुञ्जमा थप बाघ राख्नका लागि खोर बाँकी नरहेको बताउँदै सूचना अधिकारी थापामगरले एउटा पुरानो जीर्ण खोरमात्र बाँकी रहेकाले उक्त खोरमा बाघ राख्न मिल्ने अवस्था नरहेको उल्लेख गर्नुभयो । यो खोरलाई मर्मत गरेर तयारी अवस्थामा राख्नुपर्ने भन्दै उहाँले थप समस्याग्रस्त बाघ आएमा राख्ने ठाउँ व्यवस्थापनमा समस्या हुने जानकारी दिनुभयो ।

घाइते र समस्याग्रस्त वन्यजन्तु राख्न निकुञ्जले देवनगरमा ठाउँ बनाएको छ । खुला चिडियाखानाका रूपमा विकास गरेर घाइते र नरभक्षी बाघ, गैंडा, हात्तीलगायत वन्यजन्तुलाई त्यहाँ राख्ने तयारी गरिएको सूचना अधिकारी थापामगरले बताउनुभयो । यहाँ रहेका दुई वटा बाघ निकुञ्ज घुम्न आउने पर्यटक र अन्य स्थानीय हेर्न आउने गर्दछन् ।

निकुञ्जले अहिले खोरमा राखिएका प्रत्येक बाघलाई दैनिक पाँच किलो मासु खुवाउँदै आएको छ ।


## एउटै व्यक्ति भएको सूचना



स्याङजा जिल्ला भाटखोला गा.वि.स वडा नं. २ निवासी हर्क बहादुर रानाको छोरा धनबहादुर रानाको नामथर स्थायी नेपाली नागरिकताको प्रमाण पत्रमा धन बहादुर राना जन्ममिति २०४०/८/२५ मा १८ वर्षको र भारतीय पेन्सन रेकर्डमा नामथर धन बहादुर क्षेत्री जन्ममिति सन् १९६६ जनवरी २८ भई फरक फरक नामथर जन्ममिति भएतापनि व्यक्ति एउटै भएको भन्ने व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनि उक्त गा.वि.स को वडा मुचुल्का सहित च.नं. ३२६ मिति २०७२/३/२१ को पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

## एउटै व्यक्ति भएको सूचना



साविक भाटखोला गा.वि.स. वडा नं २ हाल फेदिखोला गाउँपालिका वडा नं ३ निवासी भारतीय भु.पु. सैनिक नं.५८४५७२० TS/NK का धन बहादुर रानाको श्रीमती प्रेम मायाको नेपाली नागरिकताको प्रमाण पत्रमा नाम थर प्रेम कुमारी रानाभाट जन्म मिति २०२३/१२/०८ इ.सं. १९६७/३/२१ उल्लेख भएको र निजको पतिको भारतीय सैनिक अभिलेखमा नाम थर प्रेम माया जन्म मिति इ.सं. १९६७/२/२७ वि.सं. २०२३/११/१५ भई फरक फरक नाम थर जन्म मिति भएता पनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनि उक्त गाउँपालिका ३ नं वडा कार्यालयको च.नं ३३८ मिति २०७४/११/०३ को पत्रवाट पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १३ निवासी भारतीय भु.पु.सै.न. ५०४२९७७H NK बेल बहादुर गुरुङको श्रीमती सन्ती कुमारी गुरुङको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर सन्ती कुमारी गुरुङ, जन्म मिति वि.सं. २०२१।०४।०७ तदानुसार ई.स. १९६४-०७-२२ उल्लेख भएको र पेन्सन अभिलेखमा नामथर शान्ति गुरुङ Shanti Gurung, जन्म मिति वि.सं.२०२३।११।१३ तदानुसार ई.सं. १९६७-०२-२५ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १३ नं. वडा कार्यालयको च.न. ९१ मिति २०८३।०४।११ को सिफारिस पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



जिल्ला स्याङ्जा साविक रापाकोट गा.वि.स. वडा न. ४ हाल अर्जुनचौपारी गाउँपालिका वडा नं. ४ निवासी भारतीय सैनिक नं ५३३९७५२ ह उम्बा सिं गुरुङको श्रीमती लाल कुमारी गुरुङको नेपाली नागरिकता प्रमाणपत्र र भारतीय पेन्सन अभिलेखमा तपसिल बमोजिम उल्लेख भई फरक परेको भए तापनि फरक फरक नामथर र जन्ममिति भएको व्यक्ति एकै भएको भनी सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं १७, मिति २०८३/०४/११ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**तपशील**

| क्र. सं. | नामथर | | नाता | जन्ममिति | | कैफियत |
|---|---|---|---|---|---|---|
| | नेपाली नागरिकता प्रमाणपत्रमा | भारतीय पेन्शन अभिलेखमा | | नेपाली नागरिकता प्रमाणपत्रमा | भारतीय पेन्शन अभिलेखमा | |
| १ | लाल कुमारी गुरुङ | लाल कुमारी | श्रीमती | २०१७/११/२४ | २०१५/१२/०३ | दुई नामथर जन्ममिति भएको व्यक्ति एकै |

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

## एउटै व्यक्ति भएको सूचना



गोरखा जिल्ला बारपाक सुलिकोट गाउँपालिका वडा नं. ०२ निवासी भारतिय भु.पू.सै.नं ५३३८०६७ का ४/४ जि.आर. राईफलमेन लक्ष्मीमन घलेको श्रीमतीको नेपाली नागरिकता प्रमाण-पत्रमा र भारतीय सेवा अभिलेखमा नामथर तथा जन्म मिति फरक परेता पनि तपशिल बमोजिम नामथर गरेको व्यक्ति एउटै भएको हुँदा सोको व्यहोरा प्रमाणित गरिदिनका लागि यस कार्यालयमा निवेदन पेश भएको साथै ०२ नं वडा कार्यालय, बारपाक सुलिकोट गाउँपालिकाको च.नं २४, मिति २०८३/०४/११ गतेको सिफारिस पत्रबाट लेखि आएको व्यहोरा जानकारी गराइन्छ ।

तपसिलः

| क्र. स. | नेपाली नागरिकतामा भएको | | पेन्सनर सँग नाता | भारतीय सेवा अभिलेखमा भएको | |
|---|---|---|---|---|---|
| | नामथर | जन्ममिति | | नामथर | जन्ममिति |
| १ | केशरी माया घले | वि.स. २०००/०९/११ ई.स. 1943-12-25 | श्रीमती | केशरी माया | वि.स. २०११/०३/१७ ई.स. 1954 July 01 |

**जिल्ला प्रशासन कार्यालय, गोरखा**

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश तनहुँ जिल्ला साविक फिरफिरे गा.वि.स. वडा नं. ४ हाल शुक्लागण्डकी न.पा वडा नं १२ बस्ने भारतीय भु.पु.सै.नं. २५०१२४५X दर्जा राईफलमेन, पल्टन २५ ए.आर.का टेक बहादुर भुजेलको श्रीमती ओमा देवी भुजेलको नागरिकतामा नाम थर ओमा देवी भुजेल (OMA DEVI BHUJEL), जन्म मिति वि.सं. २०२७/०५/१३ (ई.स. १९७०/०८/२९ A.D.) भएको तर निजको भारतीय पेन्सन अभिलेखमा नाम थर ओमा देवी (OMA DEVI), जन्म मिति वि.सं. २०२५/०१/०५(ई.स. १९६८/०४/१७ A.D.) भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको भनी शुक्लागण्डकी न.पा वडा नं १२ को वडा कार्यालयको च.नं. ४३ मिति २०८३/०४/११ गतेको पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ**

# फलफूल उत्पादक कृषकलाई दुई करोड बढी अनुदान

पोखरापत्र संवाददाता
स्याङ्जा, १४ साउन

स्याङ्जा जिल्लाका फलफूल उत्पादक कृषकलाई गएको आर्थिक वर्ष २०८२/८३ मा दुई करोड भन्दा बढी अनुदान दिइएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइमार्फत फलफूल उत्पादक र पशुपालक कृषकलाई दुई करोड ३३ लाख ४३ हजार रुपैयाँ अनुदान दिइएको हो ।

सुन्तला तथा कफी सुपरजोन, आँप-लिची, मसलाबाली, अदुवा-बेसार र भैसी जोन कार्यक्रममा आवद्ध जिल्लाभरका कृषकलाई अनुदान प्रदान गरिएको कार्यक्रमले जानकारी दिएको छ । कार्यक्रमबाट ५८ सहकारी, ९० कृषक समूह, २८५ उद्यमी कृषक, चार वटा कम्पनी र दुई प्राविधिक विद्यालय गरी झण्डै ५ हजार कृषक प्रत्यक्ष लाभान्वित भएको जनाइएको छ ।

कार्यक्रमका अनुसार उन्नत प्रविधि सहित क्षेत्रफल विस्तारमा ४९ लाख २७ हजार रुपैयाँ अनुदान प्रदान गरिएको छ । उद्यमशीलता विकास कार्यक्रममा ४३ लाख ७४ हजार रुपैयाँ अनुदान दिइएको छ भने सिँचाइ पूर्वाधार निर्माणतर्फ ४० लाख ५२ हजार रुपैयाँ दिएको कार्यक्रमले जनाएको छ । यान्त्रीकरण सहयोगमा २७ लाख ७ हजार र बगैँचा सुदृढीकरण तथा बाली संरक्षणतर्फ २१ लाख ७५ हजार रुपैयाँको अनुदान सामग्री दिइएको कार्यक्रम प्रमुख अजय अधिकारीले जानकारी दिए । त्यस्तै मासु निर्यात तथा भैसी प्रवर्द्धनमा ११ लाख ९१ हजार रुपैयाँको पाडापाडी दिइएको छ भने साईलो बंकर निर्माणतर्फ १० लाख ६३ हजार नगद अनुदान दिइएको छ । गोठ सुधारतर्फ ९ लाख ३७ हजार रुपैयाँ दिएको कार्यक्रमले दाना बनाउन मेशिनरी खरिदमा ७ लाख १९ हजार रुपैयाँ दिएको जनाइएको छ । लेवलिङ तथा प्याकेजिङ् क्षेत्रमा ७ लाख ९ हजार अनुदान दिएको कार्यक्रमले नर्सरी श्रोत केन्द्र स्थापनामा ६ लाख २४ हजार रुपैयाँ दिएको छ । शिक्षालयसँग व्यावसायिक उत्पादन साझेदारीमा चार लाख ८१ हजार खर्च गरेको कार्यक्रमले दुध प्रशोधन सामग्री खरिदमा एक लाख ५१ हजार रुपैयाँ अनुदान दिएको छ । साना सिँचाइमा ९८ हजार रुपैयाँसँगै घाँसको बीउ खरिदमा ७३ हजार र चैंते धानको क्षेत्रफल विस्तारतर्फ २२ हजार अनुदान दिएको कार्यक्रमका सूचना अधिकारी तथा कृषि अधिकृत प्रतिभा बुढाथोकीले जानकारी दिइन् ।

गएको वर्ष सुन्तलामा ९३ हेक्टर, आँप-लिचीको १० हेक्टर, कफीतर्फ ७ हेक्टर तथा अदुवा-बेसारको पाँच हेक्टर सहित १४५ हेक्टर क्षेत्रफल विस्तार गर्ने लक्ष्य राखेको कार्यक्रमले ११५ हेक्टर क्षेत्रफल विस्तार गरेको जनाएको छ । त्यस्तै सिँचाइ पूर्वाधार निर्माण तथा मर्मततर्फ सुन्तला खेतीमा १३ हेक्टर, आँप-लिचीमा साढे दुई हेक्टर, कफीका लागि साढे एक हेक्टर तथा चैते धान प्रवर्द्धनका लागि साढे ८ हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउन पूर्वाधार निर्माण गरिएको कार्यक्रमले दाबी गरेको छ । कार्यक्रममार्फत सुन्तला उत्पादक तथा पशुपालक कृषकलाई यान्त्रीकरणमा क्षमता विस्तारतर्फ २९ मिनी टिलर, १३ कम्बाइन मिल, दुई वटा थ्रेसर, प्रशोधन मेशिन, २९६ आरी, ३३१ सिकेचर, ६९ ह्यान्ड स्प्रे र ८७ चार्जिङ स्प्रे, तराजु, पानी टयांकी, निलो तुथो, क्रेट, कार्टुनसहितका ५० प्रतिशत अनुदानमा कृषि उपकरण हस्तान्तरण गरिएको कार्यक्रमले जनाएको छ ।

गएकै वर्ष चालु र पुँजीगत गरी ६ करोड ७० लाख १२ हजार कुल बजेटमध्ये चार करोड ३६ लाख खर्च गर्दा कार्यक्रमको वित्तीय प्रगति ६५ प्रतिशत रहेको छ । गएको आर्थिक वर्ष कृषक प्रोत्साहन कार्यक्रममा करिब ७ करोड रुपैयाँ बजेट विनियोजन भएको थियो भने चालु आर्थिक वर्ष २०८३/८४ का लागि बजेट कटौती भएर चार करोड रुपैयाँमा सीमित भएको कार्यक्रम प्रमुख अधिकारीले जानकारी दिए ।

# विद्युत् महसुललाई समायनुकूल बनाउने प्राधिकरणको तयारी

रासस
काठमाडौं, १४ साउन

नेपाल विद्युत् प्राधिकरणले विद्युत् महसुल संरचनालाई समयानुकूल बनाउन पुनरावलोकन प्रक्रिया अघि बढाएको छ । विद्युत् को अधिकतम उपयोग, आन्तरिक विद्युत् खपत विस्तार तथा उपभोक्तामैत्री महसुल प्रणाली विकास गर्ने उद्देश्यसहित प्राधिकरण सञ्चालक समितिले समिति गठन गर्ने निर्णय गरेको हो ।

प्राधिकरण सञ्चालक समितिको बुधबारको बैठकले हालको महसुल संरचनाको समग्र समीक्षा गरी नयाँ प्रस्ताव तयार गर्न १५ दिनको समय सीमासहित समिति गठन गरेको जनाएको छ । समितिले तयार गर्ने प्रतिवेदनका आधारमा नयाँ महसुल निर्धारणका लागि विद्युत् नियमन आयोगसमक्ष प्रक्रिया अघि बढाइनेछ । प्राधिकरणका सञ्चालक समिति सदस्य अंशुकिरण शाहीका अनुसार पछिल्ला वर्षहरूमा जलविद्युत् उत्पादन उल्लेख्य रूपमा बढ्दै गएको र वर्षायाममा उत्पादन भएको विद्युत् पूर्ण रूपमा खपत हुन नसक्दा आन्तरिक उपभोग बढाउने नीति आवश्यक देखिएको छ । घरायसी तथा औद्योगिक क्षेत्रलाई लक्षित गरी महसुल संरचनामा सुधार गर्ने तयारी गरिएको उहाँले जानकारी दिनुभयो ।

प्राधिकरणले गार्हस्थ्य उपभोक्तालाई थप सहुलियत प्रदान गर्ने तथा उच्च विद्युत् खपत गर्ने उत्पादनमूलक उद्योगलाई उपयुक्त र सहज दरमा विद्युत् उपलब्ध गराउने लक्ष्य राखेको छ । यसबाट उपभोक्ताको मासिक विद्युत् खर्चमा कमी आउनुका साथै उद्योगको उत्पादन लागत घट्ने अपेक्षा गरिएको छ । महसुल पुनरावलोकनका लागि सञ्चालक समितिका सदस्य शाहीको संयोजकत्वमा समिति गठन गरिएको छ । समितिमा ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासङ्घका प्रतिनिधि, ऊर्जा तथा विद्युत् क्षेत्रका विज्ञ, उपभोक्ता प्रतिनिधि तथा नेपाल विद्युत् प्राधिकरणको वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक सदस्य-सचिव रहने व्यवस्था गरिएको छ । त्यस्तै, सञ्चालक समितिले विगतका खरिद प्रक्रिया र सञ्चालनमा रहेका परियोजनासम्बन्धी उजुरी तथा गुनासोको अध्ययन गर्न अर्को छुट्टै छानबिन समिति पनि गठन गरेको छ । सञ्चालक समितिका सदस्य शम्भु केसीको संयोजकत्वमा प्राविधिक, कानुनी तथा सार्वजनिक खरिदसम्बन्धी तीन जना विज्ञ सदस्य रहनेछन् भने प्राधिकरणले तोकेको उपकार्यकारी निर्देशक सदस्य सचिव रहनेछन् । छानबिन समितिलाई विगतका खरिद प्रक्रिया, सञ्चालन परियोजना तथा प्राप्त उजुरीको अध्ययन गरी सुधारका सुझावसहित दुई महिनाभित्र प्रतिवेदन बुझाउने जिम्मेवारी दिइएको छ ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
लमजुङ

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला मर्स्याङदी गाउँपालिका वडा नं.०३ निवासी भारतीय भु.पू.सैनिक नं. ५३४१६४८ वाई १०७/२९ ए. डि. टि. एस. नायक धन बहादुर गुरुङको श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर मान कुमारी लामा र जन्ममिति २०१४/०१/२९ उल्लेख भएको र श्रीमानको भारतीय सैनिक अभिलेखमा नामथर मान कुमारी र जन्ममिति वि.सं.२०१७/०७/२३ भई नामथर र जन्ममिति फरकफरक परेतापनि उल्लेखित नामथर र जन्ममिति गरेको व्यक्ति फरक फरक नभई एकै भएको बेहोरा मर्स्याङदी गाउँपालिका ०३ नं. वडा कार्यालयको च.नं.७७ मिति २०८३/०४/११ को सिफारिस बमोजिम सोहि बेहोरा निजको भारतीय सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ अनुरोध छ ।

प्रमुख जिल्ला अधिकारी

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ३२ निवासी भारतीय भु.पु.सै.नं. ५०४४०६९Y का सोम बहादुर मगरको श्रीमती गंगा देवी मगरको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर गंगा देवी मगर, जन्म मिति वि.सं. २०२७।०३। २९ तदानुसार ई.सं. १९७०-०७-१३ भएको र पेन्सन अभिलेखमा नामथर गंगा देवी, जन्म मिति ई.सं.१९६८-०७-०१ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका ३२ नं. वडा कार्यालयको च.नं. ५११२ मिति २०८३।०३।३२ को सिफारिस पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय, कास्की

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश तनहुँ जिल्ला साविक फिरफिरे गा.वि.स. वडा नं. ४ हाल शुक्लागण्डकी न.पा वडा नं १२ बस्ने भारतीय भु.पु.सै.नं. २५०१२४५X दर्जा राईफलमेन, पल्टन २५ ए.आर. का टेक बहादुर भुजेलको नागरिकतामा नाम थर टेक बहादुर भुजेल, जन्म मिति वि.सं. २०२०/०३/०३ (ई.स. १९६३/०६/१७ A.D.) भएको तर निजको भारतीय पेन्सन अभिलेखमा नाम थर टेक बहादुर भुजेल, जन्म मिति वि.सं. २०२५/०३/१४ (ई.स. १९६८/०६/२७ A.D.) भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको भनी शुक्लागण्डकी न.पा वडा नं १२ को वडा कार्यालयको च.नं. ४२ मिति २०८३/०४/११ गतेको पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय, तनहुँ

## जन्ममिति फरक पर्न गएको सूचना



जिल्ला स्याङ्जा गल्याङ नगरपालिका वडा नं.-७ निवासी भारतीय भु.पु. सैनिक JC 141906 का सुवेदार रन बहादुर रानाको श्रीमती अमृता रानाको सैनिक अभिलेखमा जन्म मिति १९४८ जुलाई ०१ भएको तर निजको नेपाली नागरिकता प्रमाणपत्रमा जन्म मिति २००६/०३/२० भई फरक परेकोले फरक फरक जन्म मिति भएता पनि व्यक्ति एउटै भएको व्यहोरा प्रमाणित गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं. ३३ मिति २०८३/०४/११ को पत्रबाट लेखि आएकोले एकै व्यक्तिको जन्ममिति फरक परेता पनि दुवै जन्ममिति भएको व्यक्ति एकै व्यक्ति भएको बेहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १३ निवासी भारतीय भु.पु.सै.नं. ५२४०२९४A 3GR नायक खर्क बहादुर घलेको श्रीमती जनती कुमारी गुरुङको नेपाली नागरिकता प्रमाणं पत्रमा नामथर जनती कुमारी गुरुड, जन्म मिति वि.सं. २०१९।०४।२९ तदानुसार ई.सं. १९६२-०८-१३ उल्लेख भएको र पेन्सन अभिलेखमा नामथर जयन्ती कुमारी Jayanti Kumari, जन्म मिति ई.सं. १९६१-१०-०३ तदानुसार वि.सं. २०१८।०६।१७ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १३ नं. वडा कार्यालयको च.नं. ६३ मिति २०८३।०४।११ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

जिल्ला प्रशासन कार्यालय, कास्की

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १७ निवासी भारतीय भू.पू.सै.नं. JC-629609 X SUB का चीन बहादुर खत्रीको श्रीमतीको भारतीय सैनिक अभिलेखमा नामथर Bishnu Khattri, जन्म मिति ई.सं. 1977 July 28 'भएको र नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं.45460) मा निजको नामथर Bishnu Khatri, जन्म मिति वि.सं. २०३५।०५।१४ तदानुसार ई. सं. 30 Aug. 1978 भै जन्म मिति फरक परेतापनि उल्लेखित नामथर र जन्म मिति भएको व्यक्ति फरक व्यक्ति नभई एकै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १७ नं. वडा कार्यालयको च.नं. ४९ मिति २०८३।०४।०८ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

जिल्ला प्रशासन कार्यालय, कास्की

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका वडा नं. ३१ निवासी भारतीय भु.पु. सैनिक नं. JC-602118 का नायव सुवेदार चित्र बहादुर राना मगरको श्रीमती सुकुमाया राना मगरको नागरिकतामा नामथर सुक माया राना मगर र जन्ममिति वि.सं. २०१६/१/१५ (ई.सं. १९५९/४/२८) उल्लेख भएको तर पेन्सन पट्टा तथा भारतीय पारिवारिक पेन्सन अभिलेखमा नामथर सक माया र जन्ममिति सन १९५७/०८/१७ (वि.सं. २०१४।५।१ भई फरक परेतापनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी पोखरा लेखनाथ महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, कास्कीको च.नं. ३१८ मिति २०७४।२।५ को सिफारिसपत्रबाट लेखि आएकोले नियमानुसार हुन अनुरोध छ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १० निवासी भारतीय भु.पु.सै.नं. १३९४९०८२ का मिन बहादुर दर्जीको श्रीमती कमला देवी दर्जीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर कमला देवी दर्जी, जन्म मिति वि.सं. २०१३/०८/१० तदानुसार ई.सं. १९५६-११-२५ भएको र पेन्सन अभिलेखमा नामथर कमला देवी, जन्म मिति ई.सं. १९६१-१०-१२ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएका व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १० नं. वडा कार्यालयको च.नं. ५८ मिति २०८३/०४/१३ को सिफारिस पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजन को लागि मात्र नियमानुसार हुन अनुरोध छ ।

प्रमुख जिल्ला अधिकारी

## गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ०२ मा कार्यान्वयन गरिने मोजो रेसिङ (मोटरसाइकल एसेम्वली वर्कसप) को प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति: २०८३/०४/१५)

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | नामः मोजो रेसिङ प्रा.लि.<br>ठेगानाः पोखरा महानगरपालिका, वडा नं. ०२,<br>कास्की, गण्डकी प्रदेश, नेपाल<br>Email: therksprick@gmail.com फोन नं.: ९८५११२३१५८ |
| प्रस्तावको व्यहोरा | श्री मोजो रेसिङ प्रा.लि. द्वारा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं २ मा मोटरसाइकल एसेम्वली वर्कसप सञ्चालन गर्ने उद्योग सञ्चालन गर्नको लागि कार्यसूची स्वीकृत भएको र मस्यौदा प्रतिवेदन तयार गरि आवश्यक कार्य अगाडी बढाएको ।<br>(घ) लगानी रु: १,००,००,०००।-<br>(ङ) लगानी किसिमः नीजि |
| प्रभाव पर्न सक्ने जिल्ला/गा.पा./न.पा. | कास्की जिल्ला पोखरा महानगरपालिका, वडा नं.०२ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रसायनिक पक्ष, सामाजिक पक्ष, साँस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा पर्ने प्रभाव यकिन गर्न पोखरा महानगरपालिका वडा नं. ०२, तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र सूचना टाँस भएको निकाय वा उद्योग तथा पर्यटन मन्त्रालयमा वा निम्न ठेगानामा आइ पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना:**

| प्रस्तावकको नाम र ठेगाना: | परामर्शदाताको नाम र ठेगाना: |
|---|---|
| मोजो रेसिङ (मोटरसाइकल एसेम्वली वर्कसप) प्रा. लि., पोखरा महानगरपालिका-५,<br>फोन नं.: ९८५११२३१५८<br>Email: therksprick@gmail.com | हेड जियो इन्जिनियरिङ सोलुसन्स प्रा. लि.,<br>ललितपुर, नेपाल,<br>फोन ९८४१८८५७२०<br>इमेल: headconsultancynep@gmail.com |